# नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३


बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या: बै.वि.नि.वि./नीति/परिपत्र/पुर्वाधार/३/०८०/८१

मिति: २०८०/०६/२९

**इजाजतपत्रप्राप्त पुर्वाधार विकास बैंक**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त पुर्वाधार विकास बैंकलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

का.मु. कार्यकारी निर्देशक
(डा. सत्येन्द्र तिमिल्सिना)

**बोधार्थ :**
(१)श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।

## नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।

| क्र.सं | निर्देशन/बुँदा नं | विधमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | इ.प्रा.नि.नं. १/०७८ Capital Adequacy Framework 2018 को बुँदा नं. 2.6 को अन्त्यमा Note थप गर्ने । | हाल नभएको | **Note:The banks are required to maintain the countercyclical buffer of 0.5% by the end of FY 2080/81.** |
| २. | इ.प्रा. निर्देशन नं. २/०७९ को बुँदा नं ९ मा उपबुँदा (८) थप गरी क्रम संख्या मिलान गर्ने । | हाल नभएको | **पुर्वाधार विकास बैंकले** होटल तथा रेष्टुरेन्ट, निर्माण ***(सिमेन्ट, डण्डी, ईंटा/ब्लक, पाईप्स् एण्ड फिटिङ्स् लगायतका उद्योगमा प्रवाहित कर्जा समेत),*** **शिक्षा, स्वास्थ्य क्षेत्रसँग सम्बन्धित कर्जा तथा बाढी, पहिरो, भूकम्प जस्ता प्राकृतिक/दैवी प्रकोपबाट प्रभावित भएका परियोजनामा लगानीमा रहेको कर्जालाई** ऋणीको अनुरोधमा उद्योग/व्यवसायको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी आवश्यकता र औचित्यको आधारमा बुझाउनुपर्ने ब्याजको कम्तिमा १० प्रतिशत रकम असुल उपर गरी देहायका शर्तहरुको अधीनमा रही कर्जाको पुनरतालिकीकरण तथा पुनरसंरचना गर्न सकिनेछ ।<br><br>(१) यस्तो पुनरतालिकीकरण र/वा पुनरसंरचना २०८० पुस मसान्तभित्र गरिसक्नु पर्नेछ ।<br>(२) २०७९ चैत मसान्तमा सक्रिय वर्गमा बर्गीकरण भएको कर्जालाई पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्न सकिनेछ ।<br>(३) उपर्युक्त बमोजिम पुनरतालिकीकरण र/वा पुनरसंरचना गरिएका कर्जाहरुमा ५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ ।<br>(४) यसरी पुनरतालिकीकरण र/वा पुनरसंरचना गरिएको कर्जाहरुलाई जुन वर्गमा वर्गीकरण गरिएको छ सोही वर्गमा वर्गीकरण गर्नुपर्नेछ । |
| ३. | इ.प्रा.निर्देशन नं. ५/०७९ को बुँदा नं. ९ को उपबुँदा (५) मा संशोधन । | पूर्वाधार विकास बैंकको विदेशी विनिमयको दैनिक खुद अवस्था (Absolute value) बढीमा प्राथमिक पुँजीको ३० प्रतिशतसम्म हुने गरी सीमा कायम गरिएको छ । खुद अवस्था उक्त सीमाभन्दा बढी हुन गएमा सीमाभित्र ल्याउन प्रयास गर्नु पर्नेछ । १ महिनाभित्र पनि खुद अवस्थालाई सीमाभित्र नल्याएमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम कारवाही हुनेछ । | पूर्वाधार विकास बैंकको विदेशी विनिमयको दैनिक खुद अवस्था (Absolute value) बढीमा **अघिल्लो त्रयमासका** प्राथमिक पुँजीको ३० प्रतिशतसम्म हुने गरी सीमा कायम गरिएको छ । खुद अवस्था उक्त सीमाभन्दा बढी हुन गएमा सीमाभित्र ल्याउन प्रयास गर्नु पर्नेछ । १ महिनाभित्र पनि खुद अवस्थालाई सीमाभित्र नल्याएमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम कारवाही हुनेछ । |
| ४. | इ.प्रा.निर्देशन नं. ६ को बुँदा न २ (ख) मा संशोधन । | (ख)आन्तरिक लेखापरीक्षकबाट नियमित रुपमा आन्तरिक लेखापरीक्षण गराउनुपर्नेछ । आन्तरिक लेखापरीक्षकले कम्तीमा त्रैमासिक रुपमा आफ्नो प्रतिवेदन सिधै लेखापरीक्षण समिति समक्ष पेश गर्ने व्यवस्था गर्नु पर्नेछ । | (ख) आन्तरिक लेखापरीक्षकबाट नियमित रुपमा आन्तरिक लेखापरीक्षण गराउनु पर्नेछ । **आन्तरिक लेखापरीक्षणको कार्य Outsource गर्ने भएमा पेशागत प्रमाणपत्रप्राप्त व्यक्ति/संस्थालाई नियुक्त गर्नुपर्नेछ । साथै, आन्तरिक लेखापरीक्षणको कार्य Outsource गर्ने भएमा सम्बन्धित संस्थाले आफ्नो एक जना अधिकृतलाई लेखापरीक्षण समितिको सदस्य सचिवको जिम्मेवारी तोक्नु पर्नेछ** । आन्तरिक लेखापरीक्षकले कम्तीमा त्रैमासिक रुपमा आफ्नो प्रतिवेदन सीधै लेखापरीक्षण समिति समक्ष पेश गर्ने व्यवस्था गर्नु पर्नेछ । **उक्त प्रतिवेदनमा देहायका विषयहरु समेत समावेश भएको हुनु पर्नेछ :-**<br>**(अ) आन्तरिक लेखापरीक्षणमा संलग्न जनशक्तिको विवरण ।** |

# नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।

| | | | |
|---|---|---|---|
| | | | (आ) सो कार्य सम्पन्न गर्न लागेको कार्य दिन । |
| ५. | इ.प्रा.निर्देशन नं. ६ को बुँदा नं. ६ मा १ थप गरी क्रम सख्या मिलान गर्ने । | नभएको | **पूर्वाधार विकास बैंकले कर्मचारीको छनौट, सरुवा, बढुवा तथा पदस्थापन गर्दा तालिम लगायत सर्टिफिकेशन कोर्स** (Certification Courses) **लिएको भए त्यस्तो विशेष योग्यतालाई समेत आधारको रुपमा लिनु पर्नेछ ।** |
| ६. | इ.प्रा.निर्देशन नं. ११/०७९ को बुँदा नं ९ मा (ढ) थप गरी क्रमसंख्या मिलान । | हाल नभएको । | **सहभागी सदस्यहरुले समान रुपमा कर्जा नोक्सानी व्यवस्था कायम गर्ने व्यवस्था मिलाउने ।** |
| ७. | इ.प्रा.निर्देशन नं. १६/०७९ को बुँदा नं १ मा उपबुँदा (ख) थप गरी क्रमसंख्या मिलान । | हाल नभएको | **पूर्वाधार विकास बैंकले कुनै व्यक्तिगत मुद्दती निक्षेप स्वीकार गर्दा निक्षेपकर्ताको स्थायी लेखा नम्बर (PAN) अनिवार्य रुपमा लिनुपर्नेछ ।** |
| ८. | इ.प्रा. निर्देशन नं. १८/०७९ को बुँदा नं. ९ थप गरी क्रमसंख्या मिलान । | हाल नभएको । | **पूर्वाधार विकास बैंकले जारी गरेको बैंक जमानत (Bank Guarantee) को Verification आफ्नो बेवसाइट/पोर्टल मार्फत गर्न सकिने व्यवस्था गर्नु पर्नेछ ।** |